








# सुसमाचारको सुरुवात

जुलाई ६, २०२४को निम्ति अध्याय १



“"अब यूहन्ना पक्राउमा परेपछि परमेश्वरको सुसमाचार प्रचार
गर्दै येशू गालीलमा आउनुभयो। उहाँले भन्नुभयो, “समय पूरा
भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ।
पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर।”मर्कूस १:१४-
१५।

येशूका जीवनको बारेमा विवरण दिएका चारवटा पुस्तकहरूमा मर्कूसको पुस्तक सबभन्दा छोटो पुस्तक हो।



यसमा द्रुत गतिले कथा लेखिएको छ। यसमा लेखिएको कथा चुस्त र फुर्तिलो छ। कथा सक्रिय र गतिशील छ साथै छोटै भएतापनि यसमा आवश्यक विवरणहरू खाँदिएका छन्। हाम्रो आँखाहरूका सामु यसमा भएका दृश्यहरू तेजले गइरहेको हामी महसुस गर्छौं। यहाँ भएका विवरणहरूलाई तपाईंले चुकेर पढ्नुहुन्न। यसमा केवल सत्य र महत्त्वपूर्ण विवरण लेखिएको छ।

यथार्थमा भन्ने हो भने मर्कूसको पुस्तक एक्काइसौं शताब्दीको निम्ति हो। यस समयमा प्रत्येक थोक द्रुत गति र छिटो भइरहन्छ। समय नै पैसा हो। हामीसँग समय छोटो छ त्यसकारण अत्यन्तै बहुमूल्य पाठ सिक्न समयलाई प्रयोग गरौं: येशू ख्रीष्टको सुसमाचार, जो परमेश्वरको पुत्र हुनुहुन्छ (मर्कूस १:१)




**सुसमाचारका लेखक:**

- असफल मिसन यात्रा।
- सेवा कार्यको निम्ति उपयोगी।

**सुसमाचारको सुरुवात:**

- तयारी। मर्कूस १:१-८।
- बप्तिस्मा। मर्कूस १:९-१३।
- सन्देश। मर्कूस १:१४-१५।

# सुसमाचारका लेखक

# असफल मिसिनेरी

""जब बर्णावास र सावलले आफ्नो सुसमाचारीय यात्रा सम्पन्न गरे तब तिनीहरू यरुशलेममा फर्के। तिनीहरूले यूहन्ना भन्ने मर्कूसलाई साथमा लगेका थिए"" प्रेरित १२:२५।



अरू सुसमाचारका लेखकहरूले जस्तै मर्कूसले आफ्नो पुस्तकमा उनको नाउँ उल्लेख गरिएको छैन। जब विभिन्न घट्नाहरू घटिरहेका थिए उनी सानो केटा नै थिए। उनी पत्रुससँग घनिष्ठ सम्बन्ध भएकोले नै येशूको बारेमा सबै थोक उनबाट सिकेका हुन सक्छ (१ पत्रुस ५:१३)।

**जोन मार्ककी आमाकी आमाको घर यरुशलेममा थियो। त्यसबेला जब पत्रुसलाई झ्यालखानामा हाले तब चर्चका विश्वासीहरू जम्मा भएर उनको निम्ति प्रार्थना गरेका थिए (प्रेरित १२:१२)।**




केही समय पछि जब बार्णावास र सावल भेटी सङ्कलन गर्न यरुशलेममा गएका थिए तब तिनीहरूले जोन मार्कलाई आन्टियोकमा लगेका थिए (प्रेरित १२:२५)।



जब आन्टियोकमा पवित्र आत्माको निर्देशनमा बार्णावास र सावललाई अन्यजातिहरूकहाँ सुसमाचार सुनाउन गएका थिए तब तिनीहरूले जोन मार्कलाई सहयोगीको रूपमा लगेका थिए (प्रेरित १३:२-५)।


तर मिसिनेरी जीवन मर्कूसको निम्ति कठिन भएको थियो। त्यसैकारण उनी आफ्नै घर यरुशलेममा फर्किन निर्णय गरेका थिए (प्रेरित १३:१३)।




# सेवा कार्यको निम्ति उपयोगी


"मसँग लूकामात्र छन्। मर्कूसलाई पनि तिमीले बोलाएर ल्याऊ किनभने मेरो प्रचारको सेवा कार्यमा उसले सहयोग गर्छ।" (२ तिमोथी ४:११)।


जब दोस्रो सुसमाचारीय यात्रामा पावलले प्रस्ताव गरेका थिए तब मर्कूस सहयोगी भएर जान अस्वीकार गरे (प्रेरित १५:३६-३८)। पावललाई बलियो सहयोगीहरूको आवश्यकता थियो जो बोझिलो होइन काममा सहयोग गर्नुपर्थ्यो। मार्क पावलको अपेक्षा अनुसार थिएन।





तर मर्कूसमा असल मिसिनेरी हुने खुबी थियो भनेर वार्णावासलाई निश्चित थियो। त्यसकारण उनले मर्कूसलाई आफूसँग साइप्रसमा लगे। पावल र सिलास एशियतिर लागे (प्रेरित १५:३९-४१)।





पछि के भयो हामीलाई थाहा छैन तर बार्णावस ठिक थियो भन्ने हामीलाई थाहा छ। मर्कूस आफ्नो सेवाकार्यमा उपयोगी थिए भनेर पावलले आफ्ना पत्रहरूमा उल्लेख गर्दछन् (कलस्सी ४:१०; फिलमन २४; २ तिमोथी ४:११)।




मर्कूसले सुसमाचारी काममा दोस्रो अवसर पाएकोमा हामी आभारित् छौं किनकि आज हामी मर्कूसको पुस्तकमा येशूका कथाहरू जोशिलो तरिकाले पढ्न सक्छौं।

# सुसमाचारको सुरुबात

# तयारी




"उनको वा बप्तिस्मा दिने यूहन्नाको सन्देश यो थियोः 'म पछि आउने म भन्दा बढी शक्तिशाली हुनुहुन्छ। निहुरेर उहाँको जुत्ताको फित्ता फुकाल्न पनि म योग्यको छैन।'" (मर्कूस १:७)।




आफ्नो पुत्रको यात्रालाई परमेश्वरले तयार गर्नुभएको थियो भनेर सुनाउँदै मर्कूसले आफ्नो सुसमाचारको पुस्तक सुरु गर्दछन् (मर्कूस ३:१)। त्यो यात्रा स्वर्गको राजदरवारमा सुरु भएको थियो। अनि त्यो यात्राले येशूलाई क्रूसमा लगिन्छ र फेरि स्वर्गमा उहाँको यात्रा अन्त्य भएको मर्कूसले बताउँछन् (मर्कूस १६:१९)।

यस संसारमा येशूको यात्रा सुरु गर्न परमेश्वरले बप्तिस्मा दिने यूहन्नालाई रोज्नुहुन्छ। उनी उजाड स्थानको आवाज थिए (मर्कूस १:३; यशैया ४०:३)।







हाम्रो निम्ति जीवन दिन येशूले आफ्नो यात्रा सुरु गर्नुभन्दा अघि मानिसहरूका हृदयलाई तयार पार्छन्। पश्चात्ताप गर र बप्तिस्मा लेऊ भनेर उनले आहवान गर्छन् (मर्कूस १:४-६)।

परमेश्वरको पुत्र आफूभन्दा बढी शक्तिहाली हुनुहुन्छ भन्ने सन्देश दिँदै मानिसहरूका हृदयालाई उनले तयार पार्दछन्। उहाँ आफूभन्दा बढी योग्यको हुनुहुन्छ र बढी प्रभावकारी बप्तिस्मा दिनुहुनेछ भनेर उनले सुनाएका थिए (मर्कूस १:७-८)।

# बप्तिस्मा

"त्यस समय येशू गालिलको नाजरथबाट आउनुभयो र यर्दन नदीमा यूहन्नाले उहाँलाई बप्तिस्मा दिएका थिए (मर्कूस १:९)।



अत्यन्तै अचम्म तरिकाले येशूले आफ्नो यात्रा सुरु गर्नुभएको थियो: परमेश्वर पिताले उहाँलाई आफ्नो पुत्र भनेर उहाँलाई प्रस्तुत गर्नुभएको थियो। ढुकरको रूपमा पवित्र आत्माको उपस्थित भएर उहाँमाथि बसेका थिए (मर्कूस १:१०-११)। सुरुदेखि नै येशू ईश्वरीय व्यक्ति वा परमेश्वरको पुत्र भनेर मर्कूसले प्रस्तुत गरेका थिए। तर उहाँ मानव व्यक्ति भनेर पनि प्रस्तुत गरिएको छ।



युहन्नाले उहाँलाई बप्तिस्मा दिएका थिए तर उहाँले यूहन्नालाई बप्तिस्मा दिनुभएको थिएन (मर्कुस १:९)



त्यो पवित्र आत्माको निर्देशनमा थियो (मर्कूस १:१२))



उहाँ परमेश्वरसँग एक्लै हुनु आवश्यक थियो (मर्कूस १:१३अ)



सैतानले उहाँलाई परिक्षा गरेको थियो (मर्कूस १:१३आ)



उहाँले शारीरिक जोखिमको सामना गर्नुहुन्छ (मर्कूस १:१३इ))



स्वर्गदूतहरूले उहाँको सेवा गर्छन् (मर्कूस १:१३ई)

यसरी येशू पूरै मानिस र पूरै परमेश्वर हुनुहुन्छ भनेर मर्कूसले हामीलाई प्रस्तुत गर्दछन्। उहाँ हाम्रो मुक्तिदाता र दाजु हुनुहन्छ, उहाँ हाम्रो प्रभु र अनुसरणीय उदाहरण हुनुहुन्छ। मानव प्राणी प्रति परमेश्वरको प्रेमलाई पूरै प्रकट गरिएको थियो।

जुन महिमा येशूमा परेको थियो त्यसले हामी प्रति परमेश्वरको प्रेमको प्रतिवद्धता देखाएको थियो। यसले प्रार्थनाको शक्तिको बारेमा बताउँछः मानव आवाज परमेश्वरको कानमा पुग्छ र अनुरोधहरू स्वर्गका दरवारमा स्वीकार्य हुन सक्छ। हाम्रो मुक्तिदाताको शिरमाथि परेको ज्योति हामी सबैमा पनि पोखिनेछ जब हामी परीक्षमा पर्दा त्यसको प्रतिरोध गर्न सहयाताको निम्ति प्रार्थना गर्छौं। जुन आवाज येशूमा परेको थियो त्यही आवाज विश्वास गर्ने प्रत्येक जनमा पर्दछः 'यी मेरा प्रिय पुत्र हुन्, जोसँग म खुशी छु।'"

एलेन जी. ह्वाइटः इन हेभेन्ली प्लेसेज, जनवरी २०

| ७० हप्ताहरू अर्थात् ४९० वर्ष | | | |
|---|---|---|---|
| ७ हप्ताहरू | ६२ हप्ताहरू | १/२ हप्ता | १/२ हप्ता |
| ४९ वर्षहरू | ४३४ वर्षहरू | ७ वर्षहरू | |



# सन्देश

""जब यूहन्नालाई झ्यालखानामा हाले तब येशू गालिलीबाट परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्दै आउनुभयो" (मर्कूस १:१४)।

## येशूका सुरुको सन्देशमा तीन पक्षहरू समावेश भएका छन् (मर्कूस १:१५)

**"समय आइ पुगेको छ""**

यो दानिएल ९:२४मा सम्बोधन गरिएको ७० हप्ताको भविष्यवाणीसँग सम्बधित छ।आर्तशास्त्रले ई.पू. ४५७मा यरुशलेमको मन्दिर निर्माण गर्ने आदेश दिएदेखि मसीहो अभिषेकसम्म ६९ हप्ताहरू बित्ने थियो (पद २५)यो सन २७मा येशूको बप्तिस्मामा पूरा भएको थियो। त्यसको आधा हप्ता पछि वा सन ३१मा येशूको मृत्यु भएको थियो (पद २७)

**"परमेश्वरको राज्य नजिकै आएको छ"**

मुक्तिको करारको प्रतिज्ञा पूरा हुन सुरु भएको थियो।

**"पश्चात्ताप गर र सुसमाचारमा विश्वास गर"**

करारमा सक्रिय भाग खेल्न आह्वान गरिएको छ। येशूमा विश्वासद्वारा क्षमा पाएको स्वीकार गरेर.



बर्तमान समयमा मा सन्देशका तीन पक्षहरू समावेश भएका छन्: समय पूरा भइसकेको छ; येशू आउँदै हुनुहुन्छ; र हामी पश्चात्ताप गरेर उहाँलाई विश्वास गर्न सक्छौं ताकि हामी उहाँसँग जान सक्नेछौं

"येशूको प्रचारमा बोझ थियो, "समय पूरा भयो, र परमेश्वरको राज्य नजिकै छ; पश्चात्ताप गर र सुसमाचारमा विश्वास गर।" यसरी मुक्तिदाता आफैले दिनुभएको सुसमाचारको सन्देश भविष्यवाणीहरूका आधारमा थियो। दानिएललाई स्वर्गदूत गाब्रिएलले दिएको समय पूरा भयो भनेर उहाँले घोषणा गर्नुभएको थियो। येशूको पहिलो आगमनको सन्देशमा उहाँको अनुग्रहको राज्य घोषणा गर्नुभएको थियो। त्यसरी नै उहाँको दोस्रो आगमनको सन्देशमा उहाँको महिमाको घोषणा गरिन्छ। र दोस्रो सन्देश पनि पहिलाको जस्तै भविष्यवाणीहरूमा नै आधारित छ।"

**एलेन जी॰ ह्वाइट, द डिजाएर अभ एजेज, पृ॰ २३३,२३४।**